प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा (साविक प्राविधिक एस.एल.सी) तहको विशेष मौका परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७९।०२।१३)

यस परिषद्‌बाट सम्बन्धन/स्वीकृत प्राप्त गरी परिषद्‌को आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) तथा निजि स्तरमा प्राविधिक एस.एल.सी. तहको विभिन्न कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुबाट पाठ्यक्रमले निर्धारण गरेको अवधिभित्र प्रशिक्षण पुरा गरी शैक्षिक शत्र २०७२/०७३ सम्म रजिष्ट्रेशन भएका मध्ये अनुत्तीर्ण परिक्षार्थीहरुको २०७९ श्रावण/भाद्र महिनामा काठमाण्डौमा संचालन हुने **विशेष मौका** परीक्षामा सम्मिलित हुन सम्बन्धित परिक्षार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई यहि मिति २०७९।०२।२७ गते भित्र नियमित शुल्क (प्रति आवेदन फाराम वापत (एक विषयको लागि) रु. २००।- (दुई सय) र प्रति थप विषय रु. १५०।- (एक सय पचास) तथा विलम्ब शुल्क परीक्षा सम्वन्धी विनियमावली २०७१ (संशोधन सहित)मा उल्लेख भए वमोजिम नियमित शूल्कको दोव्वर दस्तुर सहित मिति २०७९।०३।०५ गतेभित्र तपशिलमा उल्लेखित शर्तको परीधिभित्र रहि परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुमा तोकिएको वैक खातामा रकम जम्मा गरेको भौचर सहित परीक्षा फाराम बुझाउन हुन सम्बन्धित शिक्षण संस्था एवं परिक्षार्थीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तपशिलका शर्तहरू पूरा नभएका र तोकिएको समयभित्र फाराम नबुझाउने परिक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराईने छैन ।

**परीक्षा संचालन हुने विषय तथा समूह :-**

विशेष मौका परीक्षा (अन्तिम एक पटकको लागि)

- **शैक्षिक सत्र २०६५/०६६ देखि २०७२/०७३ सम्म (२०६५ साल देखि २०७२ साल सम्म) रजिष्ट्रेशन कायम भई पाठ्यक्रमले निर्धारण गरेको अवधि भित्र प्रशिक्षण पुरा गरेका तर हालसम्म अनुत्तीर्ण भएका परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भर्न सक्नेछन् ।**
- प्रमाण नपुगेका प्रशिक्षार्थीहरुको आवेदन फाराम स्वीकृत गरिने छैन ।

**शर्तहरू :-**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणका साथ रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा भरिएको हुनु पर्नेछ ।
२. समष्टिगत फाराममा उल्लेखित सबै विवरण भरी अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।
३. परिक्षार्थीहरूले सम्बन्धित शिक्षण संस्था मार्फत तोकेको मिति भित्र आवेदन फाराम बुझाउनु पर्नेछ । साथै कुनै शिक्षण संस्था बन्द गरिएको भए उक्त शिक्षण संस्थाले अख्तियार गरेको शिक्षण संस्था मार्फत परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ ।
४. शिक्षण संस्थाहरूबाट विषयगत छुट्टाछुट्टै फाइल खडा गरी छुट्टाछुट्टै रकम बुझाएको रसिद संलग्न गरी परिषद्, परीक्षा नियन्त्रण कार्यालय अन्तर्गतका सम्बन्धित प्रदेश कार्यालयहरुमा परीक्षा फाराम दर्ता गर्नु पर्नेछ ।
५. परीक्षा आवेदन फारामका साथ हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो समावेश गर्नु पर्नेछ ।
६. प.नि.का ले संचालन गरेको अघिल्लो परीक्षाहरुबाट प्राप्त सम्पुर्ण लब्धांक पत्रको प्रतिलिपी परीक्षा फाराम साथ अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।
७. प्रवेश पत्र सम्बन्धित शिक्षण संस्थाले परीक्षा शुरु हुने एक हप्ता अगाडि सम्ममा सम्वन्धित प्रदेश कार्यालयहरुवाट बुझेर लैजानु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा समावेश गराइने छैन ।
८. प्रयोगात्मक परीक्षा सम्वन्धित शिक्षण संस्थामा नै सञ्चालन हुने भएकोले सो को परीक्षा तालीका सम्वन्धित प्रदेश कार्यालयवाट अनुमोदन गराई सञ्चालन गर्नूपर्ने छ ।
९. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समयपछि प्राप्त परीक्षा आवेदन फाराम उपर कुनै कार्यवाही गरिने छैन ।
१०. **परीक्षा फाराम वुझाउने स्थान तथा परीक्षा शूल्क जम्मा गर्ने वैकको विवरण :**
    (क) परिषद्, १ नं. प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,
    (ख) परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,
    (ग) परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,
    (घ) परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,
    (ङ) परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,
    (च) परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,
    (छ) परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी,कैलालीः रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१
११. अन्य विस्तृत जानकारीको लागि परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुमा सम्पर्क राख्नुहोला ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**